नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं
फोन न.
४२०००००
४२००३२३

पत्र संख्याः २०७५/७६
चलानी नं.

## प्रेस विज्ञप्ती

नेपालको संविधानको भाग २७ मा राष्ट्रिय दलित आयोगको व्यवस्था रहेको छ। यो आयोग गठनका लागि राष्ट्रिय दलित आयोग ऐन, २०७४ समेत जारी भई निकट भविष्यमै आयोग गठन हुने प्रक्रियामा रहेको छ ।नेपालको संविधान बमोजिम नयाँ राष्ट्रिय दलित आयोग गठन हुने भएकोले २०५८ सालमा कार्यकारी निर्णयबाट गठित राष्ट्रिय दलित आयोग विघटन भइसकेको छ ।

तसर्थ राज्यले प्रदत्त गरेका सबै सेवा सुविधा समयमानै प्रदान गर्न साविक राष्ट्रिय दलित आयोगको सचिवालयबाट हुँदै आएका कामहरु जातीय सिफारिस र जातीय प्रमाणपत्र वितरण नेपालको संविधान र राष्ट्रिय दलित आयोग ऐन, २०७४ बमोजिम अब गठन हुने संवैधानिक आयोगको कार्य जिम्मेवारीमा नपरेको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीयस्तरमा पारिवारिक लगत तयार गर्ने, जनसंख्याको विवरण तयार गर्ने, लक्षित समूह पहिचान सम्वन्धी कार्य गाउँपालिका र नगरपालिकाले गर्ने र नागरिक सेवा सुविधा र स्थानीय बसोबास सम्वन्धी सम्पूर्ण सिफारिसहरु गाउँपालिका र नगरपालिकाको वडा तहबाट हुने व्यवस्था रहेको सन्दर्भमा साविकमा राष्ट्रिय दलित आयोगले गर्दै आएको जातीय सिफारिस र जातीय प्रमाणपत्र वितरण गर्ने काम नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७५।०४।२३ को निर्णयानुसार सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिकाको वडा कार्यालयबाट हुने व्यहोरा अनुरोध छ ।

मितिः २०७५।०४।२५

(सुरेश अधिकारी)
सह-सचिव
प्रवक्ता
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय